राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १७ २०८२ साउन १९ गते सोमवार (4 Aug. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## देश अझै बन्न नसक्नुबारे समीक्षा आवश्यक : अध्यक्ष महतो



दैनिक समाचारदाता
काठमाडौँ १८ साउन । राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले संविधान र व्यवस्था परिवर्तन गर्दा पनि जनताको अवस्थामा परिवर्तन हुन नसकेकोबारे समीक्षा हुनुपर्ने बताएका छन् ।
आइतबार मोर्चाले काठमाडौँमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो कुरा बताएका हुन् । उनले देश विधि, व्यवस्था, शासन र संविधानबाट बन्ने भन्दै नेपालमा विधि, व्यवस्था, शासन र संविधान भए पनि बन्न नसकेको बताए ।
उनले ७० वर्षमा सात वटा संविधान निर्माण भए पनि देश अझै बन्न नसक्नुबारे समीक्षा जरुरी रहेको बताउनु भयो । नेपाल किन बनेन भनेर देशभर नै छलफल हुनु जरुरी रहेको बताए ।
उनले भने,'विधि र व्यवस्थाबाट देश बन्छ । शासन र संविधानले देश बनाउँछ । तर नेपालमा के विधि, व्यवस्था, शासन र संविधान छैन त ? तर यो हेर्दाखेरी नेपालमा संविधान बनाउने कुरामा सातौँ हो । सात वटा संविधान बनाएका हौँ । ७० वर्षमा सात संविधान बनायौँ । व्यवस्था परिवर्तन भएको छ । राणातन्त्रबाट गणतन्त्रमा पुग्यौँ । पटक पटक संविधान र व्यवस्था परिवर्तन भयो । तर नेपाली जनताको अवस्था परिवर्तन भएन । संविधान, व्यवस्था फेरेकै हो । तर अवस्था किन फेरिएन, किन नेपाल बनेन ? यो सवाल महत्त्वपूर्ण छ । यसमा छलफल गर्नुपर्छ ।'
उनले नेपाल बनाउन नसकेको कुरा सबैले गर्ने गरेको तर नेपाल कसरी बनाउने भनेर कसैले भन्न नसकेको बताए ।

# वर्षाले दिलायो राहत

# किसानहरु धान रोपाइँमा आशावादी

दैनिक समाचारदाता
जनकपुरधाम, १८ साउन । मधेसका विभिन्न जिल्लामा गएराति भएको वर्षाले लामो समयदेखि चिन्तित रहेका किसानलाई केही राहत मिलेको छ । लगातारको खडेरीका कारण करिब ५० प्रतिशत रोपाइँ अधुरै रहेको बेला परेको वर्षाले खेत सिञ्चित भएपछि किसानहरु आईतवारदेखि रोपाई शुर गरेका छन् ।

शनिवार साँझ र आईतवार विहानदेखि परेको पानीले गर्दा केही हदसम्म राहत भएको छ । तर यतिकै पानी पर्याप्त छैन, रोपाईका लागि अझै पानी चाहिन्छ । खेतको माटो पानीले हल्का भएको छ, थोरबहुत रोप्न सकिन्छ धनुषा औरही गाउँपालिकाका किसान पन्नु दास भन्छन् । उनी भन्छन (बोर्डिङ्गले गरेको धान रोपाईलाई यो वर्षा अमृत समान भएको छ ।'

त्यसैगरी सिरहाको लहान(१८ का किसान वीरेन्द्र चौधरीले भने, "पहेँलिएको बीउ रोप्न पाउने आशा पलाएको छ, यद्यपि अझै पर्याप्त पानी छैन ।" लहान नगरपालिकाका कृषि संयोजक बद्रीनारायण यादवका अनुसार रातिको वर्षा उपयोगी भए पनि एक दिन निरन्तर पानी परेको भए रोपाइँ सहज हुने थियो । कृषि ज्ञान केन्द्र सिरहाका अनुसार जिल्लामा



अहिलेसम्म ५० प्रतिशत मात्र रोपाइँ भएको छ ।

धनुषा, महोत्तरी, सर्लाही, सप्तरी, पर्सा, बारा र रौतहटमा पनि यस्तै अवस्था देखिएको छ । प्रदेशका अधिकांश किसान वर्षामा निर्भर छन्, तर यस वर्ष मनसुन ढिला सुरु भएको र लगातार वर्षा नहुँदा रोपाइँमा गम्भीर असर परेको छ । केही स्थानमा भूमिगत पानीको उपयोग गरी सिँचाइ गरिएको भए पनि त्यसले सबै क्षेत्रलाई समेट्न सकेको छैन ।

जल तथा मौसम विज्ञान विभागका अनुसार, मनसुनको न्यूनचापीय रेखा अहिले नेपालतर्फ सरेको हुँदा केही स्थानमा वर्षा भएको हो । तर भारततर्फ लामो समय सक्रिय रहेको कारण मधेसका अधिकांश जिल्लामा सुख्खा स्थिति रहेको विभागको भनाइ छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार पछिल्ला २४ घण्टामा सिरहाको विभिन्न स्थानमा सबैभन्दा बढी वर्षा मापन गरिएको छ ( सिरहामा ९९.४ मिमि, सप्तरीको बरमझिया ९१.८ मिमि, लहानमा ७७.२ मिमि, महोत्तरीको गौशाला ५७.६ मिमि, धनुषाको तुलसीमा ४७.६ मिमि, चिसापानीमा ६८.२ मिमि, हर्दिनाथमा ४७ मिमि, सर्लाहीमा ४८ मिमि, र सिरहाको गोलबजारमा ५२.२ मिमि वर्षा भएको छ ।

तर बारा, पर्सा र रौतहटमा भने केवल हल्का वर्षा मात्र मापन गरिएको छ । यस्ता वर्षाले तत्काल राहत त मिलेको छ, तर रोपाइँ सम्पन्न गर्न अझै केही दिन लगातार पानी पर्ने आवश्यकता देखिएको मौसमविद्हरू बताउँछन् ।

मधेस प्रदेशका कृषकहरूको मुख्य चिन्ता अहिले यही हो ( अबको मौसम । लगातारको खडेरीपछि आएको पानीले केही सास फेर्ने वातावरण त बनाएको छ, तर धान खेतीका लागि पर्याप्त नहुन सक्ने आशंका उस्तै छ । कृषि कार्यालय, किसान तथा मौसम विज्ञ सबैको नजर अब आउने दिनको मौसम र वर्षामा टिकेको छ । यसबीचमा, मधेस प्रदेश सरकारलाई कृषकका समस्यामा तात्कालिक राहत तथा दीर्घकालीन समाधानका उपायहरूमा चाँडो ध्यान दिनुपर्ने आवाज पनि उठ्न थालेको छ । वातावरणमा आएको अलि परिवर्तनले आशा दिलाएको छ, अब निरन्तर पानी र सरकारी साथ मिल्न सके मात्र किसानको भविष्य सुरक्षित हुने देखिन्छ ।


## बहुविवाहलाई छुट दिने कानुन रोक्न महिला संघको आग्रह

काठमाडौँ, १८ साउन । नेपाल महिला सङ्घले केही निश्चित परिस्थितिमा बहुविवाहलाई वैधता दिने प्रस्तावित कानुन गैरजिम्मेवारपूर्ण, प्रतिगामी तथा आपत्तिजनक रहेको ठहर गर्दै उक्त प्रस्ताव तत्काल रोक्नका लागि सरकारको ध्यानाकर्षण गराएको छ । संघले आज कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई ज्ञापनपत्र बुझाउँदै उक्त प्रस्तावले महिला अधिकारको क्षेत्रमा दशकौँदेखि प्राप्त उपलब्धिलाई नष्ट गर्ने र बहुविवाह प्रथालाई पुनःस्थापित गर्ने भएकाले तत्काल सोसम्बन्धी प्रस्ताव फिर्ता लिन आग्रह गरेको हो ।
"प्रस्तावित व्यवस्थामा 'कुनै पुरुषले वैवाहिकसम्बन्ध कायम रहेको अवस्थामा अन्य महिलासँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएमा त्यस्तो महिलासँग विवाह गर्न चाहेमा विवाह गर्न सक्नेछु' भन्ने प्रावधान राखिएको छ । जसले बहुविवाह जस्तो फौजदारी अपराधलाई वैधानिकता दिने स्पष्ट मनसाय राख्दछ", सङ्घले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।
सङ्घले कानुन मन्त्रालयका उच्च अधिकारीको 'दोस्रो महिला र



निजको बच्चाको अधिकार संरक्षणका लागि यो व्यवस्था ल्याइएको हो' भन्ने तर्कप्रति आपत्ति प्रकट गरेको छ । "यो तर्क केवल भ्रामक मात्र नभइ महिलाको आत्मसम्मान माथिको प्रहार हो", सङ्घले भनेको छ, "पुरुषको विवाहेत्तरसम्बन्ध र गैरजिम्मेवारपनलाई कानुनी विवाहको नाम पहिराएर वैधता दिनु कुनै पनि दृष्टिकोणले न्यायोचित हुँदैन ।" एकल महिला र निजका सन्तानको अधिकारको संरक्षण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै सङ्घले यसको समाधान बहुविवाह जस्तो सामाजिक अपराधलाई कानुनी मान्यता दिनु होइन भनेको छ । कुनै पनि बहानामा यसलाई पुनःस्थापना गर्नु भनेको महिलाले अन्याय र समानताका लागि गरेको लामो र कठिन सङ्घर्षप्रतिको विश्वासघात हुने सङ्घले जनाएको छ । "हामी सङ्घीय सरकारलाई यो गलत मनसायले प्रेरित महिलाविरोधी र प्रतिगामी प्रस्ताव तत्काल फिर्ता लिन जोडदार माग गर्दछ", सङ्घले भनेको छ, "सरकारले समानताको आधारभूत सिद्धान्तसँग सम्झौता नगरी सबै महिला तथा बालबालिकाको अधिकार संरक्षणका लागि न्यायपूर्ण र समतामूलक समाधान खोज्न महिला अधिकारकर्मी सङ्घसंस्था र नागरिक समाजसँग अविलम्ब अर्थपूर्ण संवादमा संलग्न हुन आग्रह गर्दछौँ ।" रासस



# अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# पाठ्यपुस्तक वितरण: सफलताको सन्देश, सुधारको आवश्यकता

जनक शिक्षा सामग्री केन्द्र, प्रादेशिक कार्यालय जनकपुरधामले शैक्षिक सत्र २०८१ मा मधेश प्रदेशका विभिन्न जिल्लामा समयमै पाठ्यपुस्तक वितरण गर्न सफल भएको सूचना उत्साहजनक छ। रु. २२ करोड ८८ लाख ६६ हजार बराबरका १७ लाख ७० हजार थान पुस्तक बिक्री हुनु र लगभग ४ लाख विद्यार्थीहरू लाभान्वित हुनु राज्यको शैक्षिक उत्तरदायित्वतर्फ देखिएको एक सकारात्मक कदम हो। संविधानले प्रत्याभूत गरेको निःशुल्क शिक्षाको हक कार्यान्वयनतर्फ यस्ता प्रयासहरू अत्यन्त सराहनीय छन्।

विशेषगरी सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ३ देखि ५ र कक्षा १२ का विद्यार्थीहरूले शैक्षिक सत्र प्रारम्भ हुनु अघि नै पाठ्यपुस्तक पाउनु, वितरण प्रणालीमा सुधार हुँदै गएको सूचक हो। बिक्रेता तथा विद्यालयबीचको समन्वय, पालिकामार्फत हुने भुक्तानी प्रक्रिया, र वितरण व्यवस्थापनमा देखिएको व्यावसायिकता उदाहरणीय मान्न सकिन्छ।

तर, यस सफलतासँगै देखिएका केही गम्भीर समस्याहरूले राज्यको 'निःशुल्क शिक्षाको उद्देश्य' मा प्रश्न उठाएका छन्। कतिपय विद्यालयहरूले निःशुल्क हुनुपर्ने पाठ्यपुस्तकमाथि अभिभावकबाट पैसा लिएको, नयाँ पुस्तकको नाममा पुराना किताब वितरण गरिएको, वा वितरणमा ढिलाइ गरिएको गुनासाहरू सार्वजनिक भएका छन्। शिक्षाको मौलिक हकलाई व्यापारिक स्वार्थले लत्याउने यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न नसक्दा आमजनताको राज्यप्रति विश्वास कमजोर हुन्छ।

शिक्षा क्षेत्रमा हुने यस्तो अनियमितता केवल आर्थिक नै होइन, भावी पुस्ताको अधिकारमाथिको हस्तक्षेप हो। पाठ्यपुस्तक समयमै पाउनुको अर्थ हो- विद्यार्थीले समयमै पठन-पाठन सुरु गर्न पाउनु, शिक्षकले तयारी गर्न सहज हुनु, र शैक्षिक गुणस्तरमा स्थायित्व आउनु। त्यसैले पुस्तक वितरण प्रक्रियाको अन्तिम कडीसम्म पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु आजको आवश्यकता हो। यस सन्दर्भमा स्थानीय पालिका, विद्यालय प्रशासन, शिक्षा विकास निर्देशनालय, र स्वयं जनक शिक्षा सामग्री केन्द्र सबैको भूमिकामा कडाइ, निगरानी र संवेदनशीलता अनिवार्य छ। अभिभावकहरूको गुनासोलाई चित्त बुझ्दो रूपमा सम्बोधन गर्न, प्रत्येक विद्यालयमा पुस्तकमाथि सार्वजनिक लेखाजोखा गर्ने प्रणाली आवश्यक देखिन्छ।

त्यसैगरी, वितरणको मूल्याङ्कन मात्र होइन, वितरणपछि शिक्षक र विद्यार्थीहरूबाट फिडब्याक संकलन गर्ने अभ्यासले दीर्घकालीन सुधारका लागि आधार तयार पार्न सक्छ। साथै, विद्यालयस्तरमै पुस्तकको गुणस्तर, मात्रा, वितरण मिति, र अभिभावकको संलग्नता सुनिश्चित गर्न 'पाठ्यपुस्तक अनुगमन समिति' जस्ता संयन्त्र गठनको खाँचो महसुस गरिएको छ।

अन्ततः, पाठ्यपुस्तक वितरण राज्यद्वारा प्रदान गरिने शैक्षिक सेवाको मूल आधार हो। यसको गुणस्तरीय कार्यान्वयनले मात्रै विद्यार्थीको सिकाइको अधिकार सुनिश्चित गर्न सकिन्छ। सफलताका सन्देशप्रति हामी कृतज्ञ छौं, तर अझै पनि सुधार गर्नुपर्ने बुँदाहरूलाई बेवास्ता गर्नु हुँदैन। निःशुल्क शिक्षाको वास्तविकता पुस्तकमै लुकेको हुन्छ, जसलाई समयमै, उचित रूपमा र पारदर्शितापूर्वक विद्यार्थीसम्म पुऱ्याउनु नै राज्यको नैतिक, संवैधानिक र सामाजिक दायित्व हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# नेपालमा विकासको गति नबढ्नुका ७ कारण



कुबेर नेपाली (रनपहेली)

प्रधानमन्त्री, मन्त्री र सत्तारुढ दलका सांसद मात्र होइनन्, अहिले विपक्षमा पुगेका मूलधारका राजनीतिक दलका नेता समेत मुलुकमा केही न केही विकास भएको दाबी गर्छन्।

ठीक विपरीत, सामाजिक सञ्जालदेखि चोकचौतारोका बहस सुन्ने हो भन्ने सिन्को भाँचिएन भन्ने असन्तोष व्याप्त छ।

नयाँ दलका कुरा पनि यिनै असन्तोषसँग मिल्दाजुल्दा छन्। आखिर नेपालमा विकास नै नभएको हो कि अपेक्षित गतिमा नभएको हो ? अथवा समकालीन विभिन्न देशहरूको तुलनामा नेपाल पछि परेको हो? यी अहम् प्रश्न छन्। यसलाई विविध आयामबाट हेर्न सकिन्छ।

मानव विकास सूचकांकले इंगित गर्ने सामाजिक र मानवीय तथ्यांक केलाउने हो भने उल्लेख्य फड्को मारेको छ।

चौडा र चिल्ला सडक, गगनचुम्बी भवन, पर्यटकीय पूर्वाधार, पर्याप्त सिंचाइ, जलस्रोतको बहुउपयोग, सफा र संरक्षित वातावरण कल्पना वा तुलना गरेर हेर्दा भने अल्पविकसित नै छ। कतिपय विकासको नामको सुरुआत नै अभिशाप भएको छ। स्रोतको प्रयोगको समीक्षा गर्नैपर्ने भएको छ।

नामैले पूर्वाधार जसले आधार तयार पार्ने हो। आम मानिसले बुझेको विकास नै पूर्वाधारको विकास छ जो धेरै दृष्टिले काँचुली फेर्ने दिनको पर्खाइमा छ।

पूर्वाधारका साना ठूला सबै आयोजना पूर्वनिर्धारित समयमा सकिएको छैनन्। सकिएका वा अन्तिम चरणमा रहेकाहरूको उपादेयतामाथि प्रश्नै प्रश्न छन्।

ठूलो लगानीको उचित प्रतिफल आउन नसकिरहेका बेला पूर्वाधारकेन्द्रित विकास योजना कार्यान्वयनले किन गति लिन सकेन? कार्यान्वयनको अवस्था किन असरल्ल पऱ्यो ? यिनै अनुभव केलाउनु यो आलेखको उद्देश्य रहेको छ।

### *योजनाको तय र आधार*

हजारौं योजना, भए जति सबै प्राथमिकता प्राप्त हुने हास्यास्पद अवस्था। लाख विनियोजन गरेर करोडौंका आयोजना शुरु गरिहाल्ने हतारो। कागजमा स्रोत सुनिश्चितता तर आधा काम सकिएकाको भुक्तानी कुन स्रोतबाट र कहिले हुने हो भन्ने अन्योल।

योजना अथवा प्रोजेक्टको परिभाषा नै यसको निश्चित सुरुआत र सम्पन्न अवधि हुन्छ भन्ने हो। स्रोत-साधनको सुनिश्चितता र परिभाषित जिम्मेवारी हुन्छ। समग्रमा आयोजनाको पनि जीवनचक्र हुन्छ। प्रत्येक चरणमा के गर्ने के नगर्ने भन्ने स्पष्ट हुन्छ।

हाम्रा राष्ट्रिय गौरवका आयोजना २०औं वर्षदेखि अर्को २० वर्षको प्रतीक्षा गरिरहेका हुन् कि जस्तो लाग्छ जबकि तुरुन्तै यिनको प्रतिफलको जरुरत छ। आयोजनाको व्यवस्थापन कला र विज्ञानको संयोजन हो भनिन्छ।

तर आयोजनाहरू एकप्रकारले लथालिंग र कतिपय निल्नु न ओकल्नुको अवस्थामा छन्। आजसम्म प्रोजेक्ट नै धितो राख्ने अवस्था छैन र घरजग्गा धरौटी राखेर गरिने व्यवसायकै रूपमा विकासका काम भइरहेका छन्।

### *विकास प्रशासनको उदय र विकास*

दोस्रो विश्वयुद्धले ध्वंस भएको संरचनाको पुनर्निर्माण गर्ने सन्दर्भमा विकास प्रशासनको अवधारणा आएको हो। तत् समयमा शक्तिसम्पन्न मुलुकहरूले विकासको फड्को मारिसकेको अवस्थामा गरिब मुलुकहरूले यथास्थिति र प्रशासनबाट पुनर्निर्माण र नयाँ पूर्वाधार निर्माण गर्न सम्भव नभएको निष्कर्षले विकास प्रशासनको बहस शुरु भयो।

परम्परागत प्रशासनले सोही ढर्राले कार्य गर्दा आर्थिक विकासको रफ्तार नहुनेमा सहमति देखियो। प्रशासनलाई उन्नत भन्दा छुट्टै विधागत रूपमा विकास प्रशासन जरूरी ठानियो।

अनेकन् परिभाषा र तत्वहरू थपिने क्रममा योजनाबद्ध विकासका चरणहरूमा सरोकारवालाको सहभागिता अनिवार्य भनियो।

विकसित देशहरूले उचाइमा पुगिसकेपछि विकास गतिविधिका क्रममा नकारात्मक सहउत्पादनको डरलाग्दो चित्र देखियो।

पर्यावरणीय असर, लक्षित समूहको पहिचान, बजेट दुरूपयोगको जोखिम लगायतको शासन व्यवस्थामा भित्रिएका नवीन सरोकार र मान्यताका विषय विकास प्रशासनका अवयवकै रूपमा देखिए।

प्राकृतिक स्रोतको प्रयोगमा स्थानीयको अग्राधिकार हुने विषयले मान्यता पायो। सुशासनका कोरा सिद्धान्तको प्रचारलाई विकास सहायताको न्यूनतम आधार बनाइयो। अन्तर पुस्ता न्यायको दिव्यज्ञान विकसितलाई प्राप्त भयो जतिबेला अविकसितहरू बामे सर्ने कोशिश गर्दैथिए।

वास्तवमा विकासका निम्ति आएका सहयोग शर्तरहित थिएनन्। यथार्थमा विभिन्न स्वरुपका प्रयोग थिए। दाताका रुचिका क्षेत्रहरूमा मात्र सहायता पाउनु स्वाभाविक थियो।

राष्ट्रिय बजेट प्रणालीभन्दा बाहिर र प्राथमिकतासँग मेल नखाने भएपछि गति लिने अवस्था नै भएन। रोजगारी सिर्जना र प्रविधि हस्तान्तरणको दृष्टिमा पनि अधिकांश सहायता रकम फिर्ता जाने तर ज्ञान र सीप हस्तान्तरण नहुने अवस्था रह्यो।

### *सार्वजनिक खरिदको ढाँचा*

विश्व बैंकको सहयोगबाट खरिदका नवीनतम सिद्धान्त अनुकूल कानून तयार भएको मानिन्छ। तर दातृ निकायका योजनामा भने तिनकै खरिद सम्बन्धी गाइडलाइन लागू हुने व्यवस्था रहेकाले हाम्रो खरिद कानून अक्षरशः लागू हुँदैन।

चरण-चरणमा ऋणदाताको समेत नो अब्जेक्सन अर्थात् सहमति लिनुपर्ने कारण प्रक्रिया अत्यधिक लामो र झन्झटिलो छ।

पछिल्लो समयमा निर्माण क्षेत्रमा एकपटकमा पाँच वटा मात्र काम लिन पाइने व्यवस्था त आयो तर ऐन अनुसार दातृ निकायको लगानीमा बन्ने परियोजनामा यो लागू हुने कुरा थिएन।

तर अधिकांश परियोजना दातृ निकायको लगानीमा छन्। घरेलु कानूनभन्दा दाताका गाइडलाइन अनुसार धेरैजसो कार्य हुने भए। अर्थात् द्वैध व्यवस्था कायम भएको छ।

योजनाहरू द्विपक्षीय एवं बहुपक्षीय सहकार्य र सम्झौताहरूबाट सञ्चालन हुन्छ। यो व्यावसायिक शर्त र सम्बन्धमा चल्छ। तसर्थ विवाद हुनु सामान्य हुन्छ।

विवाद समाधानको सरल र समयबद्ध प्रणालीको सट्टा टार्ने, अल्झाउने, बल्झाउने अनि कानूनी भासमा डुबाएर निकास नदिने अभ्यास नै हामीले सिर्जना गरेको खाडल हो।

यही दलदलका कारण ठूला आयोजनाले ठूलै क्षति व्यहोर्नु परेको छ भने ठूला लगानीकर्तालाई भित्र्याउन सकिएको छैन।

लगानीको वातावरण बनाउन कानूनी सुधारका प्रयासहरू गरेका छौं तर लगानी भित्र्याउने मात्र। बहिर्गमन प्रक्रिया अत्यन्त जटिल छ। जिल्ला अदालतसरह अधिकार भएको मध्यस्थको निर्णय लागू नभएर पुनरावेदन गरेर लम्ब्याउने नियति छ।

अब विकास निर्माण हेर्ने विशिष्टीकृत अदालत र बेन्च वा नियमित कार्यतालिका नै तय हुनुपर्ने भइसकेको छ।

दातृ निकायका परियोजनामा सुपरीवेक्षण गर्न परामर्शदाता अनिवार्य छ तर झन् समस्याग्रस्त छन्।

आकारमा ठूला भए पनि नेपाल सरकारको बजेटका आयोजना सरकारी जनशक्तिको आधारमा हुने तर दातृ निकायका आयोजनामा सामाजिक, वातावरणीय समेत परामर्शदाता हुन्छन्।

यद्यपि समय, लागत र गुणस्तरमा कुनै तात्विक फरक छैन। तिनकै शर्तको कारण जग्गा अधिग्रहण, मुआब्जा र क्षतिपूर्ति अनिवार्य छ तर नेपाल सरकारले लगानी गर्नेमा लालपुर्जा भएको जग्गाले समेत अपवादबाहेक मुआब्जा पाउने अभ्यास छैन।

स्वेच्छिक जग्गा दानबाट र कतिपय अवस्थामा बल प्रयोगबाट जग्गा प्राप्ति गर्दा सडक जस्ता पूर्वाधारको रेखांकन र सुरक्षामा सम्झौता गर्नुपर्ने अवस्था आउने गरेको छ।

अर्कोतिर उचित क्षतिपूर्ति दिने नीति नहुँदा सीमान्तकृत समुदाय नै अझ पीडित हुने गरेको छ। क्षतिपूर्ति र छिटपुट मुआब्जा तिरेर राज्य पन्छिरहेको छ जसको आधार नै ऊसँग पैसा छैन अथवा तिर्न थाल्यो भने राज्यले धान्न सक्दैन भन्ने मात्र छ।

विस्थापितहरूको पुनर्वास र पुनर्स्थापनामा विकास प्रशासन प्रवेश गरेकै छैन। ठूला पूर्वाधार र बहुजनको लाभको लागि निर्धा र पहुँच नभएकाहरूको आँशु विषय नै भएको छैन।

योजनाबद्ध विकासको अवलम्बनसँगै आवधिक योजना तयार भए पनि विकास प्रशासनको संस्थागत र व्यावसायिक अभ्यास हुनसकेको देखिंदैन।

प्रशासनको विकासबाट विकास गतिविधि सञ्चालन हुन सक्छ कि विकास प्रशासन अलग्गै अथवा विशिष्ट विधा हुन सक्छ भन्नेमा आज पनि सैद्धान्तिक रूपमै विमति छन्।

### *एजेन्सीकरण*

विभाग तन्त्रीय विकास प्रशासनबाट छरपस्ट भएका विकासका कार्य र अन्तरसम्बन्धित विषयलाई प्राधिकरण मोडलबाट एकत्रित गर्ने अभ्यास अन्यत्र छ।

नेपालमा औसत नतिजा दिने प्राधिकरण र विकास समितिहरू भए पनि राजनीति र हस्तक्षेपले उकुसमुकुस छन्। विभागतन्त्रीय सोच र संरचनाहरू हावी भएकैले विकासका कार्यहरू कर्मचारीतन्त्रका विकृत र नालायकीपनका शिकार भएका छन्।

### *लेखापरीक्षण*

नेपालको विकास कार्यक्रम नतिजाको निम्ति सहयोगी हुनुपर्ने हो तर लेखापरीक्षण र अनुगमन प्रणालीबाट 'पीडित' छ भनिन्छ।

करिब तीन दर्जन अनुगमन तथा सुपरीवेक्षण निकाय तथा संयन्त्र हुनु आफैंमा प्रभावकारी अनुगमन नहुनु हो। विकास प्रशासक र सामान्य प्रशासक बीचको प्राविधिक ज्ञानको खाडलको कारण सिर्जित मनोवैज्ञानिक फासला र अविश्वासको घर्षणले पनि पिल्सिरहेको छ 'विकास'।

प्राविधिक परीक्षण नाम मात्रैको भएको छ भने संवैधानिक तथा कानूनी आधार भएको लेखापरीक्षण कोरा सैद्धान्तिक छ। विकासका कार्यकर्ता र लेखा परीक्षणकर्ताहरू भिन्नै जाति र भाषा समूहको भएको जस्तो छ।

सतर्कता केन्द्रले गर्ने प्राविधिक परीक्षण संस्थागत हुन सके त्यस्तै वा त्यसकै आधारमा गरिने लेखापरीक्षणले प्राविधिक लेखाजोखा हुन सक्थ्यो। वातावरणीय लेखापरीक्षण कानूनमा छ, व्यवहारमा शून्य समान छ। सामाजिक लेखापरीक्षण पनि हुने गरेको छ।

यी प्राविधिक किसिमका लेखापरीक्षण कमजोर र कर्मकाण्डी भइदिनाले सैद्धान्तिक लेखापरीक्षण हाबी छ। विकासका कार्यकर्ताहरू सधैं आतंकित छन् जबकि नियमित प्रक्रिया मात्र हो।

### *पूर्व तयारीको रटान*

योजनाहरूको पर्याप्त पूर्वतयारी हुँदैन भन्ने छ। वास्तवमा पूर्व तयारी भनेको के हो भनेर नै डिस्कोर्स चलाउनुपर्ने देखिएको छ। डीपीआर, जग्गा प्राप्ति र वातावरणीय अध्ययन भएकोलाई बहुवर्षीय स्रोत सहमति दिएकोले योजना आयोग र अर्थ मन्त्रालयले यति कार्य भएकोलाई पूर्वतयारी भएको मान्छ भन्न सकिन्छ।

खरिद नियमावलीले निर्माणस्थल उपलब्ध भएको हुनुपर्ने भन्ने व्यवस्था गरेबाट रूख कटान गर्नुपर्ने भए गरिसकेको हुनुपर्ने, निजी जग्गा भए प्राप्ति गरेको हुनुपर्ने भन्ने अर्थ लगाइएको छ। तर जटिल समस्या, अन्योल र हैरानी सार्वजनिक र सरकारी जग्गा प्राप्तिमा छ जसको स्वामित्व सरकार आफैंसँग छ।

मन्त्रिपरिषद्ले निर्णय गरिसकेका र संसद्ले स्वीकृत गरेका योजना पनि सहज कार्यान्वयनमा जान नसक्ने अवस्था छ।

भोगाधिकार र वन विकास कोषको नाममा धेरै सैद्धान्तिक अस्पष्टता र व्यावहारिक गन्जागोल छ। जलविद्युत् बाहेक नेपाल सरकारले निर्माण गर्ने हरेक जसो पूर्वाधार आयोजना सामाजिक प्रकृतिका छन्।

यिनमा व्यावसायिक आयोजनामा जस्तो प्रत्यक्ष प्रतिफल हुँदैन तर वनक्षेत्र उपयोग गरेबापत त्यति नै जग्गा दिनुपर्ने वा कोषमा रकम जम्मा गर्नुपर्ने कानून छ।

सरकार आफैं आयोजनाको प्रस्तावक भएर पनि रकम जम्मा गर्न वा जग्गा दिन नसकेर आयोजना नबनेका छन्। यी तमाम जलकुम्भीले गाँजेको ताल जस्तो प्रणालीमा पूर्वतयारी गरेर मात्र ठेक्का लगाउने भन्ने कुरा असम्भव जस्तै छ।

### *विकास संकटकाल*

विकास प्रशासनका निम्ति 'विकासका काम गर्ने' प्राविधिक र 'नेतृत्व' गर्ने विकास प्रशासक चाहिने हो कि व्यावसायिक विकास प्रशासकहरू चाहिने हो ? नेपालको सन्दर्भमा विकासका नियोक्ताहरू निर्णय गर्नै नसक्ने गरी बाँधिएका वा जेलिएका छन्।

सहयोगी, सहजकर्ता र समन्वयकर्ताहरू निर्णायक जस्ता र निर्णयकर्ताहरू निरीह सहजकर्ता।

हाम्रो विकास प्रशासन र यसको इकोसिस्टमको यथार्थ चित्र यही हो। प्रशासकहरूलाई विकास प्रशासन नामको कोरा किताब घोटाइयो तर प्राविधिकहरूलाई कहिल्यै सिकाइएन। यसै पनि प्रशासकहरू विकासका कार्यमा मात्र भन्दा शान्तिसुरक्षा लगायत तमाम विषयमा काम गर्नुपर्ने हुन्छ।

व्यावसायिक विकास प्रशासकहरूको परिकल्पना गर्न सकिन्छ कि यथा संरचनामा जिम्मेवारी र अधिकार हेरफेर गरेर विकास प्रशासनले

*बाँकी पृष्ठ ३ मा*

# झुलनोत्सवले उमङ्गीत मिथिला

जनकपुरधाम । चाडपर्व र आफ्नै सांस्कृतिक परम्पराको धनी मधेसको प्राचीन मिथिला क्षेत्र अहिले झुलनोत्सवको रौनकमा छ । मिथिला क्षेत्रका मठमन्दिरमा यतिखेर भक्तिमय झुला, मलार र कजरी गीत गुञ्जँदा छन् ।

खासगरी विष्णु/लक्ष्मी आराधनाको यो पर्वमा सीता/राम र राधा/कृष्णका प्रतिमा झुला (एक प्रकारको कोक्रा, डोला) मा राखेर मलार र कजरीका लयमा झुलाइने चलन छ । साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म १३ दिन मनाइने यो पर्वले अहिले सिङ्गो मिथिला क्षेत्र उमङ्गीत छ ।

*‘बरसानेक वनमालिनी, झुलाझुलै यमुनातीर,*
*मुरलीधरसँग राधा, रंग रसक गम्भीर !’*

(अर्थात् बर्सात्का बेला मालिनी यमुना तटका रुखमा झुल्छन्, जसरी श्रीकृष्णसँग राधा रसिक भावमा झुल्दथे) । यस्तै कजरी गीतमा रामसीतासँगको झुला प्रसङ्ग यसरी सम्झना गरिन्छ ।

***सुनु सखी हे सजनी, जनकदुलारी झुलाझुलै,***
***रामचन्द्रसँग वनगमन बिसरी, प्रिति फूल जुलै !***

(अर्थात् हे सखी जनकदुलारी (सीताजी) रामचन्द्रसँग वनगमनको सारा दुखःकष्ट बिर्सेर झुला झुल्दैछन् । यो दृश्यले मनमोहक फूल इर्ष्या गर्दैछन) ।

झुलनोत्सवमा मिथिलामा राम सीता र कृष्णराधाकै वर्णन बढी हुन्छ । यद्यपि शिव पार्वतीका झुला प्रसङ्ग पनि कजरीमा गाइन्छन् ।

*‘गौरा झुली कैलाशपर, सँग महादेव झुलैझुल,*
*नन्दीबैल झाँप बजावे, देवगण लुटै फूल !’*

(अर्थात् पार्वती कैलाशमा झुल्दैछन् महादेव सँगसँगै । यता महादेवका गण नन्दी, साँढे बाजा बजाउँछन् । योबेला देवगण भने सुवासयुक्त फूल बटुल्छन् ।) झुलनोत्सवमा शिव पार्वतीका गीत भेटिए पनि मिथिलामा भने झुलनोत्सवमा विष्णु/लक्ष्मी, राम/सीता र कृष्ण/राधा झुलाउने चलन छ ।



झुलनोत्सवले मिथिला क्षेत्रका मठमन्दिर अहिले उत्सवमय छन् । महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ र लक्ष्मीनारायण मन्दिरमा दैनिक झुला उत्सव हुँदै आएको छ । यो पर्व घरघरमा नभई आफ्नो क्षेत्रका प्रमुख मठमन्दिरमा मनाइन्छ । वरपरका बस्तीबाट त्यहाँका मठमन्दिरमा रहेका विष्णु/लक्ष्मी, राम/सीता र कृष्ण/राधासहितका देवदेवीका प्रतिमा अहिले मटिहानी ल्याइएका छन् । प्रत्येक साँझ लक्ष्मीनारायण मन्दिरबाट प्रतिमा डोलीमा राखेर झुलाघर ल्याइन्छ । अनि उपस्थित श्रद्धालुले पालैपालो झुलाउँछन् । यसरी देवदेवी प्रतिमा झुलाइँदा पूण्य प्राप्त हुने हिन्दू मैथिल जनविश्वास रहेको मिथिला माहात्म्यका नेपाली अनुवादक जलेश्वर-५ का बासिन्दा अवकास प्राप्त सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ ।

झुलनोत्सका गीतमा राधाकृष्ण र रामसीताका प्रसङ्ग हुन्छन् । सबै गीतमा झुलाकै वर्णन हुन्छ । रामसीता, राधाकृष्णका प्रसङ्ग जोडिएका हुँदा यो पर्व भगवान् विष्णु र देवी लक्ष्मीसँग सम्बन्धित रहेको मैथिली लोकसंस्कृतिका ज्ञाता बताउँछन् । राम कृष्ण दुवै विष्णुका र सीता, राधा लक्ष्मी स्वरुपा (अवतार) मानिने हिन्दू जनविश्वास छ । झुला विष्णुलक्ष्मी आराधना र सेवासँग जोडिएको सांस्कृतिक पर्व रहेको लक्ष्मीनारायण मठ मटिहानीका उत्तराधिकारी महन्थ डा रविन्द्रदास वैष्णव बताउनुहुन्छ ।

झुलनोत्सवमा गाइने भक्तिगीतमा श्रीरामको जन्मस्थल अयोध्या र श्रीकृष्णको बाललीला भएको वृन्दावनको वर्णन बाक्लै पाइन्छ । यसले झुलनोत्सव परम्परा वृन्दावन र अयोध्याबाट नै देखासिकीबाट आएको पाका मैथिलहरुको भनाइ छ ।

*‘कान्हा ऐलथिन् वृन्दावन स, पियरी ओढ्ने,*
*राधा जपैत रहली नाम, बदरी झुलैनी !’*

(अर्थात् कृष्णजी वृन्दावनबाट पिताम्बर ओढेर आउनुभयो । राधा त नाम जपी रहनु भएको थियो, मन्दमन्द वर्षाबीच झुला झुल्न ।)

झुला देवदेवी प्रतिमालाई विशेष डोली आकारको सिंहासनमा राखेर झुलाउने मुख्य विधि हो । खासमा बालरुप कृष्ण र रामको सम्झनामा यो पर्व परम्परा चलेको मिथिला लोकसंस्कृतिका जानकार बताउँछन् । माता कौशल्या र यशोदाले राम र कृष्णलाई बालख छँदा झोलुङ्गोमा राखेर हल्लाउनुभएको प्रतीकका रुपमा यो पर्व परम्परा चलेको मानिन्छ । भगवानका बालरुप आनन्ददायक मानिने हुँदा श्रद्धालुले यो चलन बसालेका जिल्लाका वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी मटिहानी-७ का बासिन्दा ९० वर्षीय विन्देश्वरीप्रसाद मण्डल बताउनुहुन्छ ।

मिथिला लोकसंस्कृतिको केन्द्र रहँदै आएको जनकपुरधाममा सीताजीको विवाहमा राजा जनकले दिएका दाइजोका सामानको थुप्रो लागेर पाहाडजस्तै बनेको जनश्रुति छ । जसलाई अहिले मणिपर्वत भनिन्छ । साउन शुक्लपक्षको त्रितीयाका दिन यसै मणिपर्वतको पूजा गरेर झुला उत्सव सुरु गर्ने मैथिल परम्परा छ । मिथिलामा झुला उत्सव जानकी मन्दिरका आदिसन्त सुरकिशोर दासले विसं १७८७ तिर सुरु गराएको मानिन्छ । श्रद्धालु भगवत सेवा र सामिप्यता यस पर्वका मुख्य आकर्षण ठान्दछन् । मिथिलाको १३ दिने झुला उत्सव साउन पूर्णिमाको मध्यरातमा भगवानलाई झुलाइने कोक्राको डोरी छिनाएर समापन गरिने चलन छ ।

साउन महिना भक्ति मात्र नभएर मिथिलामा प्रियतमसँगको सानिध्यता र आपसी प्रेमको अपिलका लागि लालायित रहने भाव पनि यस अवसरका गीतबाटै व्यक्त हुन्छन् । यस महिनाका मिथिलाका परम्परागत पर्वहरु मधुश्रवाणी र झुला मिथिलानीका लागि पति सम्झने खास अवसर मानिन्छन् । “साउन शिव आराधना र झुलनोत्सवमा विष्णुलक्ष्मी, रामसीता र कृष्णराधालाई डोलामा झुलाउँदै भक्तिमा डुब्ने समय हो”, महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण लाल कर्ण भन्नुहुन्छ, “यसैगरी बर्सात्को यो महिनामा मिथिलानी (मिथिलाका नारी) प्रियतमसँगको सानिध्यताका लागि लालायीत रहन्छन् भन्ने पनि यस बेला गाइने गीतमा भाव झल्कन्छन् ।”

*‘झुला देलु मधुवनमें आमक डारी गछाइ,*
*सखीसँगे झुलै चलु , मोर पिया विदेश रहाइ !’*

(अर्थात् मधुवनको आँपको रुखको हाँगामा झुलाइ देउ हे सखी, यो त साथीसँगीबीच नै झुल्ने हो, आफ्ना प्रियतम् त विदेश छन् ।) साउन शुक्लपक्षका पछिल्ला १३ दिन मधेसको मिथिला क्षेत्र झुलामय हुन्छ । साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्मका १३ दिन मिथिलामा झुलनोत्सवको रौनक छाउँछ । यो पक्षभरि मिथिला भक्तिसँगै प्रियजनको सम्झनामा मलार, कजरी र झुला गीतले गुञ्जन्छन् ।

*‘झुला झुलै लगली सखी हे, बागहीमें बदरिया छायल,*
*सावन ऐली सजनी, पियाबिन तन उचटायल !’*

(अर्थात् बगैँचामा झुला झुल्न लागेका बेला कालोमैलो भएर बादल छायो, के गर्नु सखी ? साउन लागेपछि प्रियतम साथ नहुँदा यो शरीर छटपटिन्छ ।) देवदेवीलाई झुलना झुलाउँदा भक्ति गीत गुञ्जन्छन् । त्यस्तै साउनमा प्रियतम (पति) बाहिर हुने नवयौवना मिथिलानी बिरहका गीत गाउँछन् । यी गीतमा पतिपत्नीबीचको माधुर्य प्रेमको शृङ्गारिक भाव पनि अभिव्यक्त भएको पाइन्छ । साउनको यो पक्षमा देवदेवीलाई मन्दिरमा झुलाइए झैँ मिथिलानी आफ्ना प्रियतम सँगसाथ भए आँपको रुखको हाँगामा मच्चिदै झुल्ने सपना सँगाल्छन् ।

झुला पर्वका गीतमा उपवन (वन, बगैँचा) का आँप, कदम्ब वा यस्तै सुवासयुक्त वृक्षका हाँगामा झुला (पिङ) झुण्ड्याइएको र त्यसमा आफ्ना प्रियतमाका साथ राम, कृष्ण झुलेका भाव समेटिएका छन् । साउनको बर्खाले जताततै हरियाली हुनेबेला धान रोपाइँ सकेर बगैचाका आँप, कदम्बलगायतका वृक्षका हाँगामा लच्कदै पिङ खेलिने मिथिला संस्कृतिसँग जोडिएको पक्ष मानिन्छ । यद्यपि यसपालि लामो खडेरीले धान रोपाइँ सक्न नपाई यो पक्ष परेको छ ।

मिथिलामा धानको रोपाइँ सकिनासाथ सर्वसाधारण झुला उत्सवमा रमाउने गर्छन् । यसैबेला मैथिल किशोरकिशोरी र युवायुवती बगैँचाबगैँचा डुल्दै आँप र कदम्ब (कदम) का हाँगामा मच्चिएर झुलाको आनन्द लिन्छन् । यसरी बगैँचामा वृक्षका हाँगामा मच्चिएर झुल्दै युवायुवती आआफ्ना प्रेमीप्रेमिकाको सम्झना गर्छन् ।

*‘काहे नइ ऐले सजनमा, सावनमें झुलाय,*
*घेरल बदरिया मोरा मन घबराय !’*

(अर्थात् हे प्रियतम्, तिमी मलाई साउनमा झुला झुलाउन किन आएनौं ? चारैतिर कालोमैलो बादलले मेरो मन काँतर भएको छ ।) साउन शुक्लपक्षमा विदेशिएका प्रेमीको सम्झना गर्दै मैथिल युवतीले यसरी बिरह पोख्छन् । कजरी गीतमा ठाउँठाउँमा मेघको चर्चा भेटिन्छ । कुनै गीतमा आफ्ना आँखामा लगाइएको गाजलको डिलबाट झर्ने आँसुलाई मैथिल नवयौवनाले मेघसँग जोडेका पाइन्छ ।

*“सावन आयल बदरिया घेरायल सखी हे, मन हरसाय,*
*कजरारी अँखिया मोरा, मेघजकाँ बरसाय !’*

(अर्थात् साउन मास लागेपछि चारैतिर कालो बादलले छाउँदा मन हर्षित छ । हेर न, गाजल लगाइएका मेरा आँखाबाट पनि मेघ बर्सदैछ) ।

मिथिला लोकसंस्कृति अतिविशिष्ट यो पर्व परम्परा अहिले पाका मैथिल/मिथिलानीले धान्दैछन् । पछिल्लो नयाँ पुस्तामा पारम्परिक पर्व, लोकसंस्कृति र रीतिथितिबारे चासो कम हुँदै गएको बुढापाकाको गुनासो छ । यी विशिष्ट परम्परा थेग्न नयाँ पुस्ताका मैथिल युवायुवतीले स्थानीय चाडपर्व, संस्कृति र रीतिथितिबारे चासो बढाउनुपर्ने मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ ।

गोपालप्रसाद बराल/रासस

# नेपालमा विकासको......

अपेक्षित नतिजा दिन सक्छ ? जस्तो कि २० अर्ब लागतको जलविद्युत् आयोजना सफल गरेको व्यवस्थापक अर्को ३० अर्बको परियोजनाको लागि योग्य हुने कि प्रशासकीय कार्य जस्तै ठूलो र आकर्षक परियोजनामा सबैले पालो पाउने रित बसालिनुपर्ने हो ? नेपालमा दोस्रो अभ्यास संस्थागत छ ।

प्रशासन सेवाले अलग्गै गोत्र भएको शासकीय प्रजाति भएको ठान्ने गरेको विकास कार्यकर्ताको गुनासो छ ।

सरोकारवालाको अधिकार र सहभागिताका नाममा सिर्जना भएका सबैलाई ‘चित्त बुझाउने’ दायित्वको गलगाँड बोकेर विकासले कसरी गति लिन्छ भनेर बहस शुरु भएको छ ।

यसै पनि जिल्ला-जिल्लाका विकासे अड्डाहरू तीर्थाटन र अतिथि सत्कार व्यवस्थापनको बोझ बोकेर बसेका छन्। विकासका केही निर्मम नियमहरू छन् ।

शतप्रतिशतलाई लाभ दिने विकासको कुनै मोडल आजसम्म बनेको छैन । अधिकको लाभलाई हेर्ने हो । शतप्रतिशतलाई निर्णय प्रक्रियामा संलग्न गराउन सम्भव छैन ।

प्रकृतिलाई नचलाएर हुँदैन, सिर्फ उपयोग गर्ने कि दोहन भन्ने हो । भौतिक र अभौतिक सम्पदालाई नछोई विकास कसरी हुन्छ? पहुँच पनि विकासको एउटा मानक हो।

हाम्रा कानून, फ्रेमवर्कहरू विकासले विनाश मात्र गर्छ, कार्यकर्ताहरू विनाशका संवाहक हुन्छन्, सबै ढंगले कस्नुपर्दछ, कठोर निगरानी गर्नुपर्दछ भन्ने दृष्टिकोणबाट प्रेरित छन् ।

नागरिक अधिकार, वातावरणीय तथा सामाजिक अधिकार र राजनैतिक सहभागिताको स्पेस धेरै अगाडि र विकास गतिविधि निकै पछि छ । गाडा अगाडि र गोरु पछाडि जस्तो ।

एकपटक उपयोग भएका अधिकार र अवसर खोसिन राजनैतिक परिवर्तन नै हुनुपर्दछ। तर राजनैतिक नेतृत्वले कतिपय अधिकार र जिम्मेवारीलाई पुनःपरिभाषित गर्नुपर्ने देखिन्छ ।

कानूनले परिकल्पना गरेको पृष्ठभूमिलाई पुनरावलोकन गर्नुपर्ने देखिन्छ। इन्जिनियर नारायण सुवेदीले विकास संकटकालको शीर्षकबाट नेपालले अपनाउनुपर्ने विकासको मोडलबारे बहस सिर्जना गर्नुभएको छ । के-के गर्‍यो भने विकास संकटकालले परिकल्पना गरेको तीव्र पूर्वाधार विकास प्राप्त हुन्छ भन्ने २८ बुँदामा उल्लेख छ ।

विकास संकटकाल कुनै विपद्को अवस्था होइन तर सकारात्मक हस्तक्षेप हो। जसरी सकारात्मक विभेदमा अरूलाई आफ्नो अधिकार र अवसरमा चाप परेको महसुस हुन सक्छ त्यसरी नै विकास संकटकालमा पनि साविक उपयोग गरेका स्वतन्त्रतामा सम्झौता गर्नुपर्ने हुन सक्छ। नतिजालाई प्राथमिकता दिइनुपर्दछ ।

विकासका केही निर्मम नियमहरू छन् । शतप्रतिशतलाई लाभ दिने विकासको कुनै मोडल आजसम्म बनेकै छैन । अधिकको लाभलाई हेर्ने हो। शतप्रतिशतलाई निर्णय प्रक्रियामा संलग्न गराउन पनि सम्भव छैन ।

विकास संकटकालमा खरिद प्रक्रिया सरल र छोटो बनाउने, कतिपय कानूनहरू निलम्बन गर्नुपर्ने र अधिकार तथा जिम्मेवारीको विन्यास पुनरावलोकन गरेर धेरै अधिकार विकेन्द्रीकरण गर्नुपर्ने हुन्छ वा हुन सक्छ। निर्णयका जोखिमको शृंखला वहन गर्न उत्साहित गर्ने वातावरण चाहिन्छ।

असल नियतले गरिएका निर्णयको प्रतिरक्षा गर्ने कानूनको जरूरी हुन सक्छ किनकि समग्रतामा मूल्यांकन गर्ने हाम्रो परिपाटी छैन। जसरी सडक दुर्घटनामा परेकाको उद्धार गर्ने मान्छे नै सवारी दुर्घटनाको अनुसन्धानमा तानिने त्रासले घाइतेको जोखिम बढेको छ त्यसरी नै जोखिम मोल्ने वातावरण नहुँदा आयोजनाले दिने प्रतिफलमा सम्झौता भइरहेको छ ।

***के हामी तयार छौं ?***

हाम्रो विकास प्रशासनमा अरबौं लागत र उच्च प्रतिफल दिने आयोजनाको प्रमुखको तलब कुनै वाणिज्य बैंकको सीईओसँग तुलनायोग्य हुने अनुमान गर्न सकिन्छ? रातमा काम गर्ने, बिदा नपाउने, जटिल भूगोलमा, जमिनमुनि, पानीमुनि, विस्फोटक पदार्थ र प्रज्वलनशील पदार्थ लगायत जोखिमपूर्ण काममा संलग्न हुनेहरूको सुविधा, बीमा लगायत जोखिमको बहन गर्ने सुरक्षाको कल्पना गर्न सकिन्छ ? तीन सिफ्टमा काम गर्ने बजेट भाषणको कल्पना किन पूरा हुँदैन ?

दिल्ली मेट्रोको निर्माणका निम्ति ट्र्याक रेकर्ड र उच्च व्यवस्थापकीय क्षमताको पहिचान गरेर रिटायर्ड इन्जिनियरलाई अनुरोध गरिएको थियो ।

छनोट मापदण्डमा उनको उमेर नाघिसकेको भए पनि मुख्यमन्त्री नेतृत्वको छनोट समितिले प्रधानमन्त्रीको समेत सहमति लिई उनलाई अनुरोध गरिएको थियो तर उनले शर्त राखे ।

परिभाषित अधिकारसहितको कानून र उनले चाहेको जनशक्तिको टिम। सरकारले स्वायत्ततासहित उनलाई जिम्मा दिएपछि उक्त परियोजना तोकिएको समय र लागतमा सम्पन्न भयो। त्यसपछि यही अभ्यासलाई अन्यले पनि पछ्याए।

डिजाइन, अन्वेषण, खोज अनुसन्धान गर्ने विज्ञ पदनामहरू सिर्जना हुने संगठन संरचना कल्पना गर्न सकिएला? परामर्श सेवाबाट गर्नुपर्ने काम अनुसन्धान, डिजाइन पनि हो गोष्ठी र सेमिनार मात्र होइन भनेर बुझ्ने कहिले हो ।

सर्भे डिजाइन, प्राविधिक अध्ययन अनुसन्धान लगायतको बजेट लगानी हो खर्च मात्र होइन भन्ने विकास व्यस्थापनको चरण नै पुग्न बाँकी छ ।

अध्ययन, डिजाइन अडिट, भौगर्भिक अध्ययनमा जति धेरै खर्च गर्न सक्यो उति परियोजनाले दिने प्रतिफल सुनिश्चित र लगानीको जोखिम कम हुन्छ भन्ने स्वीकारोक्ति हुनुपर्नेछ ।

सामान्य दैनिक प्रशासनिक सरह व्यवस्थापक र कर्मचारीहरू सरुवा हुन्छन्। यो सरुवा रोगको त उन्मूलन नै गर्नुपर्नेछ। कम्तीमा कार्य सम्पादन करार सम्झौताको नाम मात्रैको प्रशासनको अभ्यास विकास प्रशासनमा यथार्थमा शुरु गर्न सकिन्छ ।

दस्तावेजभरि तीव्र आर्थिक विकास र पूँजीगत खर्चका विषयहरू छन् तर वास्तविककर्ताहरू सहायक भूमिकामा पनि छैनन् ।

विकास संकटकाल वा कुनै नामबाट विकास प्रयासलाई एकत्रित गर्नुपर्ने कुरामा विमति राख्ने ठाउँ छैन तर छरिएका अधिकार, छरपस्ट कानून, बहुतहको योजना, अन्त्यहीन कार्यक्रमको सुरुआतलाई ब्रेक लगाउनै पर्नेछ ।

फल खाने कि बोट नै भन्दा फल भन्ने सहमति, धैर्य र इमानदारी चाहिएको छ । नत्र विकासका नाममा सुरुआत भएका कामले रमिता मात्र देखाउनेछन् अनि धराप मात्र थापिनेछन् ।

*(नेपाली, सडक विभागका सुपरिन्टेन्डिङ इन्जिनियर हुन्।)रासस*

## बागमतीका मुख्यमन्त्री लामाले दिए राजीनामा



दैनिक समाचारदाता
हेटौंडा १८ साउन । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले राजीनामा दिएका छन्। मुख्यमन्त्री लामाले आइतबार साँझ प्रदेश प्रमुखको कार्यालयमा गएर राजीनामाको पत्र दर्ता गराएका हुन्।
गत १४ साउनमा कांग्रेस संसदीय दलका नेतामा पराजित भएलगत्तै उनीमाथि पार्टी भित्रैबाट राजीनामा दिन दबाब सिर्जना भएको थियो। २०८१ साउनमा सपथ लिएर मुख्यमन्त्री भएका लामाले १ वर्षपछि आफ्नै पा भित्रको आन्तरिक द्वन्द्वका कारण राजीनामा दिन बाध्य भएको बताए।

# पृथ्वीमानले पुर्‍याएको योगदान महत्त्वपूर्ण छः सभापति देउवा

चितवन, १८ साउन । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले स्व. पृथ्वीमान गुरुङले पार्टीमा त्याग, समर्पण र बलिदानी दिएको बताउनुभएको छ। उहाँको नवौं दिनको पुण्यतिथिका अवसरमा नेपाली कांग्रेस चितवनले गुरुङको निवासमा आज आयोजना गरेको श्रद्धाञ्जलि सभामा उहाँले गुरुङ निष्ठावान् नेता भएको बताउनुभयो।

गण्डकी प्रदेशका पूर्व प्रमुख एवं नेपाली कांग्रेस चितवनका पूर्व सभापति गुरुङमा क्रान्तिकारीपन रहेको भन्दै सभापति देउवाले गुरुङले छोडेर गएका काम सबै मिलेर पूरा गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “उहाँ मेरो पुरानो साथी हो। उहाँले छोडेर गएका काम हामी सबै मिलेर गर्नुपर्छ।” जिल्लामा गुरुङले पुर्‍याएको योगदान महत्वपूर्ण रहेको सभापति देउवाको भनाइ थियो।

सो अवसरमा नेपाली कांग्रेसका पूर्व उपसभापति



गोपालमान श्रेष्ठले राजनैतिक यात्रा सुरु गर्दै गर्दा विश्वेश्वरप्रसाद कोइरालाले गुरुङजस्ता युवा आफूहरुसँग भएको भन्दै तारिफ गरेको स्मरण गर्नुभयो। अबको निर्वाचनमा गठबन्धन नहुने भन्दै उहाँले सबै क्षेत्रमा कांग्रेसले जित हासिल गरेर गुरुङप्रति सच्चा श्रद्धाञ्जलि अर्पण गर्नुपर्ने बताउनुभयो।

नेपाली कांग्रेसका पूर्व महामन्त्री डा. शशाङ्क कोइरालाले मृत्युपछि परिचय हुने गरेको भन्दै पृथ्वीमानको इतिहास लिपिबद्ध गराउन आग्रह गर्नुभयो। कांग्रेस नेता मीन विश्वकर्माले गुरुङसँग कांग्रेसको निष्ठावान् चित्र र चरित्र रहेको बताउनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले एक वर्ष आफूले सँगै काम गरेको स्मरण गर्दै गुरुङले आफूलाई नेता-कार्यकर्ताको शिर झुकाउन नपर्नेगरी काम गर्न सुझाव दिने गरेको बताउनुभयो।

सो अवसरमा नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले पूर्व सभापति गुरुङको निधनपछि पार्टीले उहाँलाई योगदानको उच्च सम्मान व्यक्त गर्दै विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो। गुरुङको यही साउन १० गते निधन भएको थियो। रासस

# राहदानी बनाउनेलाई परामर्श सेवा



दैनिक समाचारदाता
सिरहा, १८ साउन । यहाँको इलाका प्रशासन कार्यालय लहानबाट गत आर्थिक वर्ष २०८१/८२ मा राहदानी बनाउने तीन हजार ३१८ जनाले आप्रवासी स्रोत केन्द्रबाट परामर्श सेवा लिएका छन् । वैदेशिक रोजगारी, अध्ययन र अन्य प्रयोजनका लागि विदेश जान चाहनेहरूका लागि कार्यालयभित्रै स्थापना गरिएको स्रोत केन्द्रबाट दिइने यो परामर्श सेवा सशक्त सुरक्षा उपायका रूपमा लिइन्छ ।

कार्यालय प्रमुख गोकर्णराज सुयलका अनुसार स्रोत केन्द्रमार्फत सेवा लिनेमा दुई हजार ९८८ पुरुष र तीन सय ३० जना महिला छन् । ‘सामाजिक रूपान्तरणको माध्यमबाट आप्रवासन व्यवस्थापन कार्यक्रम (सामी)’ अन्तर्गत सञ्चालित परामर्श सेवा लिनेहरूमध्ये एक हजार चार जना सम्भावित वैदेशिक रोजगारी जाने रहेका छन् । यसमध्ये छ सय पाँच जना मधेसी समुदाय, एक यस ७४ जना दलित, दुई सय १५ जना जनजाति र २५ जना बाहुन-क्षेत्री समुदायका रहेका कार्यालयको तथ्याङ्क छ । शैक्षिक पृष्ठभूमिमा हेर्दा ८० जना असाक्षर, २२ जना पाँच कक्षाभन्दा कम अध्ययन गरेका, दुई सय ६५ जना ८ कक्षासम्म, दुई सय जना १० कक्षासम्म, दुई सय २२ जना १२ कक्षा सम्म र ६० जना स्नातक तहसम्म अध्ययन गरेका छन् ।

यी तथ्यहरूले वैदेशिक रोजगारीमा जान चाहनेहरूबीच शिक्षाको पहुँच र जातीय प्रतिनिधित्वको विविधता देखाउँछन् । औपचारिक रूपमा कम पढेका र सामाजिक रूपमा पछाडि पारिएका समुदायका व्यक्तिहरूको उल्लेख्य उपस्थितिले आप्रवासी परामर्श सेवाको अझ महत्त्वपूर्ण आवश्यकता औंल्याएको कार्यालय प्रमुख गोकर्णराज सुयलको भनाइ छ । “शिक्षा, जानकारी र सही परामर्श नपाएर नागरिकहरू अझै पनि ठगिने, सम्झौताविपरीत काम पाउने वा भिजिट भिसामा अलपत्र पर्ने समस्यामा परिरहेका छन् । यस्ता जोखिम न्यूनीकरण गर्न परामर्श सेवा अनिवार्य बन्दै गएको हो”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार यस अवधिमा वैदेशिक रोजगारसम्बन्धी ४३ गम्भीर प्रकृतिका मुद्दा कार्यालयमा दर्ता भएका थिए । तीमध्ये २६ मुद्दा फछ्र्योट गरिएको छभने बीमा कम्पनी तथा ‘एजेन्ट’हरूबाट करिब रु दुई करोड ७५ लाखबराबरको क्षतिपूर्ति रकम असुल गरी पीडितहरूलाई उपलब्ध गराइएको छ ।

कार्यक्रम संयोजन गरिरहेको सामी परियोजना र आप्रवासी स्रोत केन्द्रको सक्रियताले वैदेशिक रोजगारीमा जाने नागरिकलाई जानकारीमा आधारित निर्णय लिन सहयोग पुर्याउँदै जोखिम न्यून पार्न उल्लेख्य योगदान दिइरहेको कार्यालयको भनाइ छ ।

## सप्तरीमा लागुऔषध कारोबारी पक्राउ



सप्तरी, १८ साउन । प्रहरीले सप्तरीमा हवाई फायर गर्दै दुई जना लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिएको छ ।
जिल्लाको छिन्नमस्ता गाउँपालिका १ बरहीबिरपुरबाट लागुऔषध खैरो हेरोइनसहित दुवैजनालाई पक्राउ गरिएको हो ।
छिन्नमस्ता गाउँपालिका १ घर भएका विशाल राय र डाक्नेश्वरी नगरपालिका ७ घर घर भएका मनोज रायलाई नियन्त्रणमा लिएको सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिनुभयो । केसीका अनुसार पक्राउ परेकाको साथबाट सय ग्रामभन्दा बढी लागूऔषध खैरो हेरोइन बरामद भएको छ ।
प्रहरी टोलीले नियन्त्रणमा लिन खोज्दा भाग्न खोजेका उनीहरुलाई नियन्त्रणमा लिन दुई राउण्ड हवाई फायर गर्नुपरेको प्रहरी उपरीक्षक केसीले बताउनुभयो ।
अहिले त्यस क्षेत्रमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी अन्य अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अनुदान बिना उखु खेती संकटमा किसानको सडक संघर्ष सुरु

दैनिक समाचारदाता
सर्लाही, १८ साउन । अनुदान रकमलाई निरन्तरता दिन माग गर्दै उखु किसानले पुनः संघर्ष गर्ने भएका छन् । सरकारले यो वर्षदेखि उखुको अनुदान रकमका लागि बजेट विनियोजन नगरेपछि किसानहरु संघर्षमा जाने बताएका हुन् । उखु किसानले आन्दोलनको चेतावनीसहित आइतबार तराईको विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका छन् । चिनी मिल रहेका जिल्लामा प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाइएको केन्द्रीय उखु किसान सङ्घर्ष समितिका सहसंयोजक राजकुमार उप्रेतीले जानकारी दिनुभयो । उहाँका अनुसार सर्लाहीमा नेपाल उखु उत्पादक महासङ्घकै नेतृत्वमा र अन्य जिल्लामा उखु उत्पादक सङ्घको नेतृत्वमा ज्ञापनपत्र बुझाइएको छ । उखु खेती हुने जिल्लाका किसानले साउन २० गते आफ्नो जिल्लामा रहेको चिनी मिल अगाडि टायर बालेर प्रदर्शन गर्ने भएका छन् । आफूहरुको मागका सम्वन्धमा साउन महिनाभरी सुनुवाई नभए आगामी



भदौ ८ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा गएर धर्नामा बस्ने निर्णय भएको केन्द्रीय उखु किसान सङ्घर्ष समितिका संयोजक श्यामबाबु रायले बताउनुभयो ।

उखु किसानले उखुको अनुदानलाई निरन्तरता दिन, गत क्रसिङ सिजन २०८१-८२ मा बिक्री गरेको उखुको अनुदानबापत पाउनुपर्ने एक अर्व ६० करोड रुपियाँ तुरुन्त भुक्तानी गर्न र उखुको मूल्य तय गर्दा उखु किसान, उद्योगी र सरकारबिच छलफल गरेर मात्र मूल्य निर्धारण गर्न माग गरेका छन् ।

१६ वर्षदेखि पाउँदैआएको उखुको अनुदान अहिले आएर कटौति हुने भएपछि अगुवा उखु किसान र विभिन्न राजनीतिक दलले प्रधानमन्त्री, कृषि मन्त्रीलगायतलाई भेटेर अनुदान रकमलाई निरन्तरता दिन माग राखेका छन् ।

# जसपा सप्तरीको निर्वाचन विवादका कारण स्थगित

दैनिक समाचारदाता
सप्तरी, १८ साउन । जनता समाजवादी पार्टी नेपाल (जसपा) को सप्तरी जिल्ला कार्यसमिति चयनका लागि आइतबार तय भएको निर्वाचन अन्तिम समयमा आएर स्थगित गरिएको छ।

निर्वाचन समितिले शनिबार साँझ सूचना जारी गर्दै मतदान प्रक्रिया स्थगित गरिएको जनाएको हो। मतदान स्थगित हुनुको कारण केदार प्रसाद यादव र उमेश प्रसाद यादव प्यानलबीचको विवाद रहेको बताइएको छ।

केदार पक्षले सबै पालिकामा आफ्ना उम्मेदवारहरू निर्विरोध रहेको भन्दै उनीहरूलाई विजयी घोषणा गर्नुपर्ने माग गर्दै आएको छ। तर, उमेश पक्षले २५ सदस्यीय जिल्ला कार्यसमिति खुला प्रतिस्पर्धाबाट चयन हुनुपर्ने अडान राखेको छ। यही विवादका कारण निर्वाचन समितिले समयमै निर्णय लिन नसकेपछि मतदान स्थगित गर्नुपरेको हो।

जसपा नेपालको निर्वाचन निर्देशिका अनुसार प्रत्येक स्थानीय तहबाट कम्तीमा एक जना जिल्ला सदस्य अनिवार्य रुपमा प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था छ। केदार प्यानलबाट सबै पालिकामा उम्मेदवारी परेको भए पनि उमेश प्यानलले पालिकास्तरमा उम्मेदवारी नदिएको निर्वाचन समितिको भनाइ छ।

निर्वाचन तालिका अनुसार शनिबार दुबै पक्षले उम्मेदवारी दर्ता गराए पनि विवाद बढेपछि समितिले अन्तिम उम्मेदवार नामावलीसमेत प्रकाशित गर्न सकेको छैन।

जिल्ला नेतृत्व चयनका लागि अध्यक्ष पदमा केदार प्रसाद यादव र उमेश प्रसाद यादवले उम्मेदवारी दिएका छन्। उपाध्यक्ष पदका लागि लक्ष्मण यादव, उषा कुमारी साह, हरेराम यादव र राजेश्वर रायले, सचिव पदमा शम्भु कुमार यादव र निरज कुमार झा, उपसचिव पदमा रामेश्वर कौडगिया यादव, रिता कुमारी चौधरी, दाउद हुसैन र राहुल मण्डल तथा कोषाध्यक्ष पदमा अरमेन्द्र कुमार यादव (अर्विन), अभिनव यादव (निकु) र सुचिता कुमारी यादवले उम्मेदवारी दिएका छन्।

जिल्ला नेतृत्वमा ७ जना पदाधिकारी, १८ जना भूगोलतर्फ, १८ जना महिलातर्फ र ७ जना समावेशी समूह गरी कुल ५७ पदका लागि निर्वाचन हुने तय गरिएको थियो। जसका लागि ५१५ जना प्रतिनिधिले मतदान गर्ने कार्यक्रम रहेको थियो।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४